बैठक संख्या -५९

आज मिति २०७९।०४।०८ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधबप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसि देहायका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री माधवप्रसाद अर्याल | अध्यक्ष |
| श्री चमेली गुरुङ | उपाध्यक्ष |
| श्री मार सिङ तामाङ | वडा अध्यक्ष |
| श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष |
| श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष |
| श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष |
| श्री यमनाथ आचार्य | वडा अध्यक्ष |
| श्री बुटी तामाङ | सदस्य |
| श्री ज्ञानु विश्वकर्मा | सदस्य |
| श्री शान्ती माया तामाङ | सदस्य |
| श्री पुलती विश्वकर्मा | सदस्य |
| श्री पुर्ण बहादुर घले | सदस्य |
| श्री राम बहादुर विश्वकर्मा | सदस्य |
| श्री नेत्रमणी न्यौपाने | सदस्य सचिव |

**प्रस्तावहरु :**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा ।

२. उत्तरगया गाउँपालिकाको लैगिंक समानता तथा सामाजिक समावेशीकरण नीति पारित गर्ने सम्बन्धमा ।

३. बोगटीटार सामूदायिक स्वास्थ्य इकाईमा ल्याव सेवा सञ्चालन सम्बन्धमा ।

४. एम्बुलेन्स सञ्चालन सम्बन्धमा ।

५. जग्गा छनौट तथा प्राप्ति सँम्बन्धमा ।

६. काठेपुल निर्माण सम्बन्धमा ।

७. कार्यपालिका बैठक सम्बन्धमा ।

८. कर्मचारी स्टाफ बैठक सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस आर्थिक वर्ष २०७९।०८० को लागि २०७८ फागुन मा सबै वडा कार्यालयबाट संकलन भएको कुल ८११ जना बेरोजगार सूचिकृत गर्ने तथा  कुल बेरोजगारमध्ये प्राथमिकिकरणको आधारमा यस आर्थिक वर्षमा रोजगारमूलक कामका लगि पारिश्रमिक आयोजना तथा नियमित विकास निर्माणका आयोजनाहरुमा परिचालन गर्ने निर्णय गरीयो ।

२. प्रसताव नं. २ माथि छलफल गर्दा उत्तरगया गाउँपालिकाको लैगिंक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९ पारित गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा  बोगटीटार सामूदायिक स्वास्थ्य इकाईमा ल्याव सेवा सञ्चालन गर्न आवश्यक ल्याव सामग्रीहरुको व्यवस्था भइसकेको र जनशक्तिको अभाव रहेकोले डाँडागाउँ,

ठुलोगाउँ तथा लहरेपौवा स्वास्थ्य चौकीमा रहेका ल्याव टेक्निसियन/ल्याव असिस्टेन्टहरुलाई पत्येक हप्ता चक्रिय रुपमा पालो पर्नेगरी जनशक्ति व्यवस्थापन गरी ल्याव सञ्चालन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा एम्बुलेन्स सञ्चालन सम्बन्धमा २०७९।०३।२७ मा गाउँपालिकाले प्रकाशन गरेको सूचना अनुसार प्राप्त भएका २ वटा आवेदनहरु मध्ये गाउँपालिकाले छनौट गरी उपयुक्त संस्थासँग सम्झौता गरी एम्बुलेन्स सञ्चालन गर्ने/गराउने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिकाको प्रशासनिक भवन तथा वडा कार्यालयको भवन निर्माणको लागि जग्गा छनौट तथा प्राप्ति सम्बन्धि समन्वय तथा सहजीकरण गर्न तपसिलका पदाधिकारी रहेको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख) सबै वडा अध्यक्षहरु | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा हालै आएको बर्षाद कारणले विद्यार्थीहरुलाई विद्यालय सम्म जानका लागि कठिनाई भइरहेको र स्थानीयबासीको समेत आवतजावतमा समेत कठिनाई भइरहेकोले तपसिलका स्थानमा काठेपुल निर्माण गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | |
|---|---|
| क) बास्कोटे दियाले भाङगेखोला २ | ५० हजार |
| ख) ल्वाङ्ग खोला २ | १५ हजार |
| ग) करेली खोला २ | १५ हजार |
| घ) तिनछापो खोला २ | १५ हजार |
| ङ) काप्रेखोला ४ | १५ हजार |
| च) निम्सोखोला ३ | १५ हजार |
| छ) सालिमभित्ता ३ | १५ हजार |
| ज) खोत्याङ खोला १ | १५ हजार |

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा उत्तरगया गाउँपालिकाको कार्यपालिका बैठक हरेक महिनाको ७ गते बिहान ११ बजे बस्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा कर्मचारीको स्टाफ बैठक हरेक महिनाको ३ गते बस्ने गरी आवश्यक व्यवस्था गर्न गाउँपालिका कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।